रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल

☎ ०३१-४५००३५

प.सं.: – २०७७/०७८
च.नं.: –

मितिः – २०७८/०१/१५

रुपनी गाउँपालिकाबाट गाउँपालिकामा जारी भएको अत्यनत जरुरी सूचना ।

विश्वभरी फैलिंदै गईरहेको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको समेत सङ्क्रमण बढ्दै गईरहेको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि **नेपाल सरकारले जारी गरेका आदेश** तथा मिति २०७८/०१/१३ गते जिल्ला प्रशासन कार्यालय राजबिराज, सप्तरीको **जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकले** गरेका निणर्य अनुसार तपसिल बमोजिमका आदेश पूर्णरुपले कार्यान्वयनका लागि सहयोग गर्न सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक अपिल गर्दछौं।

तपसिल

- हाटबजार लगाउँदा सामाजिक दुरी कायम गरी न्यूनतम स्वास्थ्य मापदण्ड पालन गर्नु पर्ने।
- मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।
- एक पटकमा २५ जना भन्दा बढी जम्मा हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य लगाउने, पटक पटक साबुन पानीले हाथ धुने वा सेनिटाइज प्रयोग गर्ने। जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने।
- सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।
- सार्वजनिक यातायातमा यात्रा गर्दा यात्रुले मास्क अनिवार्यरुपमा लगाउने र सेनिटाइजर प्रयोग गर्ने।
- कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने।
- विवाह, श्राद्ध, वर्तवन्ध भोज भतेर जस्ता सामाजिक क्रियाकलापहरु गर्दा बढीमा २५ जना भन्द बढि सहभागी नहुने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

.........................
हरेराम यादव
गाउँपालिका अध्यक्ष
हरेराम यादव
अध्यक्ष